सबैलाई शिक्षा, स्वास्थ्य, रोजगार र पहिचान
जसपा, नेपालको छाता चिन्हमा मतदान ॥

चुनाव चिन्ह

छातामा मतदान गरौं ।



उपेन्द्र यादव
अध्यक्ष
जनता समाजवादी पार्टी, नेपाल

**सङ्घीयता, समृद्धि, सुशासन, सामाजिक न्याय र समाजवाद !**
**सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नेपाल - जिन्दावाद ।।**

## जसपा, नेपाल नै किन ?

नेपाली समाजमा जातीय, वर्गीय तथा वर्ण, लैङ्गिक र क्षेत्रीय आधारमा कायम रहेका असमानता, शोषण, उत्पीडन र विभेदलाई अन्त्य गर्न बहिष्करणमा पारिएका सिमान्तकृत समुदायहरू - मधेशी, आदिवासी जनजाती, दलित, महिला, मुस्लिम, थारू, अल्पसंख्यक समुदाय, पिछडावर्ग लगायत उत्पीडित समुदाय/जातीहरूको उत्पीडन, शोषण र विभेदबाट मुक्तिका लागि जसपा, नेपाल प्रतिवद्ध रहेको छ । समावेशी लोकतन्त्र, समावेशी विकास, समतामूलक समृद्धि र समन्यायिक रूपान्तरणको अर्थराजनीतिक मुद्दालाई सार्थक बनाउन सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रको वैकल्पिक विचारधारा अनुरूप सशक्त वैकल्पिक राजनीतिक शक्तिको रूपमा जनता समाजवादी पार्टी, नेपालको निर्माण भएको हो । त्यसैले सबै प्रकारका विभेदको अन्त्य गरी समावेशी विकास र समतामूलक समृद्धिको सपना साकार पार्दै सामाजिक न्याय सहितको सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्र नेपालको सपना साकार पार्न जसपा, नेपाल चाहिएको हो ।

**हाम्रा प्रतिवद्धताहरू :**

- समानता, स्वतन्त्रता, सामाजिक न्याय सहित समाजवादी लोकतान्त्रिक गणतन्त्रको लक्ष्य प्राप्त गर्ने ।
- पहिचान सहितको सङ्घीयता र समावेशी राज्य निर्माण गर्ने ।
- समावेशी लोकतन्त्र र समतामूलक समाज निर्माण गर्ने ।
- पूर्ण समानुपातिक संसद र प्रत्यक्ष जन निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीको व्यवस्था गर्ने ।
- न्याय प्रणालीलाई सङ्घीय स्वरूपमा पुर्नसंरचना गर्ने ।
- मुलुकमा सुशासन र आर्थिक पारदर्शिताका कायम गर्ने ।
- शक्तिशाली जनलोकपाल गठन गरी भ्रष्टाचारको अन्त्य गर्ने ।
- उत्पीडित जाती तथा समुदायहरूको हक, अधिकार र पहिचान सुनिश्चित गर्ने ।
- नागरिकतामा विद्यमान लैङ्गिक विभेदको अन्त्य र सबै नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने ।
- वर्तमान संविधानलाई संशोधन, परिमार्जन तथा पुनर्लेखन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई संस्थागत गर्ने ।
- लैङ्गिक समानतासहित यौनिक अल्पसङ्ख्यक, जेष्ठ नागरिक, एकल महिला तथा फरक क्षमता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्ने ।

- संविधान संशोधन गरी वर्तमान त्रुटीपूर्ण एवम् अव्यवहारिक ७ प्रदेश सहितको सङ्घीय संरचनालाई वैज्ञानिक ढङ्गले पहिचान र सामर्थ्यका आधारमा पुनर्संरचना गर्ने ।
- प्रादेशिक नीति योजना निर्माण, कार्यान्वयन र श्रोत परिचालन गर्ने ।
- प्राकृकित र आर्थिक श्रोतको बाँडफाँडमा प्रादेशिक एवम् स्थानीय अधिकार कायम गर्ने ।
- समाजमा व्याप्त रहेका गरिबी, बेरोजगारी र अशिक्षाको अन्त्य गरी शिक्षा, स्वास्थ्य, रोजगार आवस र सुरक्षामा सबैका समान अधिकार एवम् पहुँचको प्रत्याभूति गराउन ।
- प्रतिनिधि सभा र प्रदेश सभाका लागि हुने प्रत्यक्ष निर्वाचन प्रणालीमा समावेशी प्रतिनिधित्व गराउन दलित र महिलाहरूका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गर्ने ।
- गरिब तथा विपन्न वर्ग, दलित, महिला र पिछडावर्गलाई शिक्षा र रोजगारीमा विशेष आरक्षणको व्यवस्था गर्ने ।
- वर्तमान अवस्थामा रहेको अति महँगो र विकृतीमूलक निर्वाचन प्रणालीलाई अन्त्य गरी समानुपातिक निर्वाचन प्रणाली लागु गर्ने ।
- अन्धविश्वास र रूढीवादी परम्परागत चिन्तनका आधारमा हुने गरेका महिला हिंसा, घरेलु हिंसालाई पूर्ण रूपले निषेध गरी लैङ्गिक असमानता र विभेदलाई अन्त्य गर्ने ।
- पितृसत्तात्मक प्रथाका अमानवीय अवशेषहरूलाई अन्त्य गरी राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक अगायत जीवनका हरेक क्षेत्रमा महिलाहरूलाई समान अधिकार, प्रतिनिधित्व, सुरक्षा र सम्मान दिलाउन ।
- राष्ट्रिय युवा नीति निर्माण गरी युवाहरूको शारीरिक, भौतिक तथा मानसिक विकास गर्नुका साथै उनीहरूको भविष्य सुनिश्चित गर्न आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- मुलुकको आथिक विकास र समृद्धिका लागि स्वदेशी तथा विदेशी पुँजी/प्रविधि परिचालनका लागि लगानीमैत्री वातावरण निर्माण गर्ने ।
- मुलुकको आर्थिक विकास, भौतिक एवम् पूर्वाधार विकास, सामाजिक विकास, पर्यावरणीय विकास एवम् विपद् व्यवस्थापन र संस्थागत विकास एवम् सुशासनका अन्तर्वस्तुहरू समेटिने गरी कार्यत्रmमहरू सञ्चालन गर्ने ।
- प्रदेशको आर्थिक सामर्थ्य वृद्धिका साथै प्रादेशिक अर्थतन्त्रको आधारशिला तयार गरी कार्यान्वयन गर्ने ।
- कृषि, उद्योग, जलश्रोत, आन्तरिक तथा बाह्य पर्यटनको विकास गरी मुलुकलाई विकसित एवम् समृद्ध बनाउन ।

- असहाय, अशक्त, वृद्धवृद्धाहरूको सामाजिक सुरक्षाको जिम्मेवारी राज्यको नै हुने व्यवस्था गर्न ।
- सम्पूर्ण भूमिहीन तथा सुकुम्वासीहरूको बसोवासको व्यवस्था मिलाउन ।
- मधेश/तराईको पूर्व–पश्चिम जोड्ने हुलाकी राजमार्गको निर्माण पुरा गर्न ।
- मधेश/तराईको उत्तर दक्षिण जोड्ने सडक मार्ग, पूर्व–पश्चिम रेल्वे यातायातको निर्माण गर्न ।
- गरीबी, बेरोजगारी अन्त्य गर्न कृषि क्षेत्रलाई विज्ञान प्रविधिसँग जोडी आधुनिकीकरण, औद्योगिकरण र व्यवसायिकरण गर्न नयाँ भूमि व्यवस्थापन नीति निर्माण गरी कार्यान्वयन गर्न ।
- कृषि उत्पादन वृद्धि गर्न सिंचाई, मलखाद, बीऊबिजन, कीटनाशक औषधी सहुलियत दरमा कृषि ऋण तथा कृषि बजारको व्यवस्थापन गर्न ।
- बालमजदूरी, बँधुवा मजदूरी, हलिया, कमैया प्रथालाई पूर्ण रूपले अन्त्य गर्न ।
- सबैका लागि गुणस्तरीय शिक्षा र स्वास्थ्यको दायित्व राज्यले नै वहन गर्नका लागि शिक्षा र स्वास्थ्य सेवाका क्षेत्रमाम कायम रहेका व्यापारीकरण, माफीयाकरण र नीजिकरणलाई अन्त्य गरी सबैका लागि निःशुल्क एवम् गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्न ।
- पूर्ण प्रेस स्वतन्त्रता तथा पत्रकारहरूको पेशागत सुनिश्चितता गर्न ।
- चुरे संरक्षण गरी मधेशलाई मरूभूमिकरण हुनबाट जोगाउन ।
- शिक्षित बेरोजगार युवाहरूलाई बेरोजगारी भत्ता दिलाउन ।
- जैविक विविधता र पर्यावरण संरक्षण गर्न ।

चुनाव चिन्ह

**छातामा मतदान गरौं ।**

**जनता समाजवादी पार्टी, नेपाल**
**केन्द्रीय समिति**